# अख्तियार दुरुपयोग अनुसन्धान आयोग
## टंगाल, काठमाडौं

मिति: २०८१।०४।१५ गते।

# प्रेस विज्ञप्ति

**विषयः** अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट प्रतिवादी रमेश बहादुर बोहरासमेत रहेको भ्रष्टाचार मुद्दामा सम्मानित सर्वोच्च अदालत, काठमाडौंमा पुनरावलोकन गरिएको मुद्दा।

सम्मानित सर्वोच्च अदालत, काठमाडौंबाट रमेश बहादुर बोहरासमेत रहेको भ्रष्टाचार मुद्दामा भएको फैसला उपर अख्तियार दुरुपयोग अनुसन्धान आयोगको निर्णय अनुसार मिति २०८१।०४।१५ गते सम्मानित सर्वोच्च अदालतमा पुनरावलोकन गरिएको बिवरण देहायानुसार रहेको छ।

प्रवक्ता
नरहरि घिमिरे

## देहायः

| सि.न | प्रतिवादी | मुद्दा | आयोगको मागदावी | सर्वोच्च अदालतको फैसला र आधार | न्याय प्रशासन ऐन, २०७३ को दफा ११(२)(ख) बमोजिम पुनरावलोकनको निवेदन गर्दा लिइएका आधार र कारण |
|---|---|---|---|---|---|
| १ | **रमेश बहादुर बोहरा, प्रेम बहादुर बोहरा, धन बहादुर बोहरा, धन बहादुर बोहरा र गजेन्द्र बोहरा** (**०७५-CR-**१९२७), सर्वोच्चको फैसला मिति २०८०।१०।२५) | **नक्कली प्रमाण पत्र।** | प्रतिवादी **रमेश बहादुर बोहराले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा १६ (१) बमोजिमको कसूरमा निज रमेश बहादुर बोहरालाई भ्रष्टाचार निवारण ऐन, २०५९को दफा १६ (१) बमोजिम सजाय हुन तथा श्री हिमालय निम्न माध्यामिक विद्यालय, **बझाङ्गका विद्यालय व्यवस्थापन समितिका साविकका अध्यक्ष धनबहादुर बोहरा र साविकका प्रधानाध्यापक धनबहादुर बोहरा र हालका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गजेन्द्र बोहरा र हालका प्रधानाध्यापक प्रेम बहादुर बोहराले** भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिमको कसूर गरेको देखिएकोले श्री हिमालय निम्न माध्यामिक विद्यालय, बझाङ्गका साविकका अध्यक्ष धनबहादुर बोहरा र साविकका प्रधानाध्यापक धनबहादुर बोहरा र हालका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गजेन्द्र बोहरा र हालका प्रधानाध्यापक प्रेम बहादुर बोहरालाई भ्रष्टाचार निवारण ऐन, २०५९ को दफा २२ बमोजिम सजाय हुन मागदावी लिईएको। | **फैसलाः**<br>बिशेष अदालतबाट मिति २०७५/०७/०९ मा भएको फैसला मिलेकै देखिँदा सदर हुने ठहर्छ भनी मिति २०८०/१०/२५ मा फैसला भएको।<br>**सर्वोच्च अदालतले फैसला गर्दा लिएका आधार र कारणहरुः**<br>क. प्रतिवादी रमेश बहादुर बोहराले हिमालय नि.मा.वि. बझाङ्गको राहत कोटाको शिक्षक पदमा बहाली हुने उद्देश्यले शैक्षिक योग्यता, नाम, तीन पुस्ते, उमेर, जात, थर, ठेगाना वा अन्य कुनै कुराको झुट्टा विवरण पेश गरी शिक्षक पदमा नियुक्ति लिएको भन्ने नदेखिँदा निज रमेश बहादुर बोहरालाई कसूरदार ठहऱ्याई सजाय गर्नु न्यायाचित नदेखिएको।<br>ख. बिद्यार्थीको भविष्य र शैक्षिक हितलाई केन्द्रमा राखेर कठिन परिस्थितिमा विवेकसम्मत निर्णय लिने दायित्व र जिम्मेवारी विद्यालय व्यवस्थापन समितिका पदाधिकारीको र प्रधानाध्यापकमा रहने तर उक्त कार्य गर्दा बिधि र प्रकृया र आफ्नो दायित्व र जिम्मेवारी बहन गर्नु पर्ने हुन्छ। राहत शिक्षक पदमा एक जनाको प्रमाणपत्र पेश गरी निजलाई नियुक्ति गर्नु र अर्कोलाई हस्ताक्षर गराई काममा लगाउने विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्रधानाध्यापकको कार्य पद्धति र प्रकृयाको हिसाबले हेर्दा स्वभाविक नभए पनि दुर्गम क्षेत्रमा योग्य महिला शिक्षिकाहरुको अभावको सन्दर्भमा शिक्षकको दरबन्दी कायम राखी पठन पाठनलाई नियमित गर्न गरेको कार्यलाई असल मनसाय थिएन भनी मान्न मिलेन।<br>ग. हाम्रो न्याय व्यवस्थामा “ Actus Non Facit Reum Nisi Mens Sit Rea” अर्थात् “खराब मनसाय बिना गरेको काम अपराध हुदैन” भन्ने मान्यता रहेको। फौजदारी कसूरमा कानूनले निषेधित कर्म (Wrongful Act) र अपराधिक मनसाय (Guilty mind) दुवै तत्वको उपस्थिति जरुरी हुन्छ।उमा कुमारी थापाको नाममा नियुक्ति दिई रमेश बहादुर | **क.**हिमालय निम्न माध्यमिक विद्यालयमा उमाकुमारी थापाको शैक्षिक योग्यताका प्रमाणपत्रहरु पेश गरी जिल्ला शिक्षा कार्यालय, बझाङ्गबाट प्राथमिक तह महिला राहत दरबन्दी एक गएको ब्यहोरा विद्यालयको च.नं.१६९४ मिति २०६४।०३।१२ को पत्रबाट देखिएको।सो विद्यालयमा विद्यालय ब्यवस्थापन समितिको मिति २०६५।०२।१५ को निर्णयबाट श्री हिमालय प्राथमिक विद्यालयमा उपलब्ध भएको राहत कोटा १ (एक) प्राप्त भएको हुँदा सो कोटामा बझाङ्ग जिल्ला, लामातोला गा.वि.स. वडा नं -१ देहेली बस्ने उमाकुमारी थापालाई शिक्षा नियमावली र विद्यालय ब्यवस्थापन समितिको निर्णय अनुसार मिति २०६४।०४।०१ देखि नियमानुसार तलबभत्ता खाने गरी निजलाई यस विद्यालयमा महिला राहत कोटामा नियुक्ती गर्ने निर्णय सर्बसम्मतबाट पारित गरियो भनी निर्णय भएको।सो विद्यालयले उमाकुमारी थापाको नामको नियुक्ति जिल्ला शिक्षा कार्यालय, बझाङ्गको च.नं. १४६४ मिति २०६५।३।०८ को पत्रबाट समर्थन गराएको।श्री हिमालय निम्न माध्यमिक विद्यालय, बझाङ्गको च.नं ५४ मिति २०७३।०२।२७ को पत्र अनुसार उक्त नियुक्ति समर्थन पश्चात उमाकुमारी थापाले पाउने तलबभत्ता रमेशबहादुर बोहरालाई खुवाउने गरी विद्यालयको पठनपाठन गराएको र नियुक्ति समर्थन पश्चात उमाकुमारी थापा एक दिन पनि विद्यालयमा उपस्थित नभएकोले विद्यालयको नियमित पठनपाठनमा समस्या आएकोले उमाकुमारी थापाले पाउने तलबभत्ता २०५७ सालदेखि निजी श्रोतमा कार्यरत रमेशबहादुर बोहरालाई खुवाएको ब्यहोरा खुल्न आएको भनी पत्राचार भएको। विद्यालय हाजिरी रेकर्डमा उमाकुमारी थापाकै नाममा भएपनि उमाकुमारी थापाले नियुक्ति पत्र बुझेको अभिलेखबाट नदेखिनुको साथै निज उमाकुमारी थापाले कामकाज समेत नगरेको तर बझाङ्ग जिल्ला, रिलु- २ बस्ने रमेश बहादुर बोहरालाई उमाकुमारी थापाको दरबन्दीमा कामकाज गराएको र उमाकुमारी थापाको नाममा तलबभत्ता झिकी श्री हिमालय निम्न माध्यमिक विद्यालय बझाङ्गबाट रमेशबहादुर बोहरालाई सो तलबभत्ता बुझाएको मिसिल संलग्न कागजातबाट देखिएको,<br><br>**ख.**श्री हिमालय निम्न माध्यमिक विद्यालय, ठकुन्ना रिलु-३, बझाङ्गका हालका प्रधानाध्यापक प्रेम बहादुर बोहराले अनुसन्धानको क्रममा उमाकुमारी थापा त्यहाँ गएको छैन, तलबभत्ता पनि खाएको छैन , विद्यालयको राहत कोटा बचाउ गर्नका लागि निज उमाकुमारी थापाका सक्कल प्रमाण पत्रका फोटोकपी विद्यालयमा लगेर पेश गरेको हो।हाजिर रजिष्टर च्यातिएको भन्ने सवालमा केही हाजिरी मिलाउन सकिन्छ कि भनेर रमेश बहादुर बोहराले गर्दा भएको हो भनी स्वीकार गरी बयान गरेको शिक्षक रमेश बहादुर बोहराले अनुसन्धानको क्रममा उमा कुमारी थापा महिला राहत दरबन्दीमा भएको र विद्यालयमा निज उपस्थित हुन नसक्ने अवस्था भएकोले उक्त अबधिको तलबभत्ता आफु स्वयंले बुझ्ने गरेको र हाजिरी रजिष्टरमा दस्तखत पनि आफुले नै गरेको र कारवाही भएमा सहन मन्जुरी छ भनी स्वीकार गरी बयान गरेको। उमा कुमारी थापाले अनुसन्धानको क्रममा आफुलाई श्री हिमालय निम्न माध्यमिक विद्यालय, रिलुले प्राथमिक महिला राहत दरबन्दीमा नियुक्त गरेको बिषयमा केही पनि जानकारी नभएको भनी बयान गरेको। जिल्ला बझाङ्ग, रिलु गा.बि.स.वडा नं.- ३ घर भई श्री हिमालय निम्न माध्यमिक विद्यालय, बझाङ्गका तत्कालीन विद्यालय व्यवस्थापन समिति अध्यक्ष धनबहादुर बोहराले अनुसन्धानको क्रममा महिलाको नाममा अर्को पुरुष कर्मचारीलाई कामकाजमा लगाई तलबभत्ता खुवाउनु कानून बिपरित भए पनि दरवन्दी फिर्ता जाने सम्भावना भएकोले उमा कुमारी थापाको प्रमाण पेश गरी विद्यालयमा आर्थिक अभाव, कक्षा बृद्धि र निजी शिक्षकको भार कम गर्नको लागि सबै अभिभावकको सरसल्लाह बमोजिम सो प्रकृया चली आएको हो, उमा कुमारी थापाको आफु विद्यालय व्यवस्थापन समिति अध्यक्ष रहुन्जेल २०६९ सम्म हाजिर नभएको तर पछि शिक्षक |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | बोहरालाई काममा लगाउने कार्यमा उनीहरुको बदनियत तथा स्वार्थपूर्ण उद्देश्य रहेको भनी पुष्टि हुन नसकेको। महिला राहत कोटाको शिक्षक पदमा शिक्षक पदपुर्ती हुन नसकी राहत शिक्षक दरबन्दी कटौती हुनबाट जोगाइ पठनपाठन नियमित गर्न विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्रधानाध्यापकले यस किसिमको व्यवस्था मिलाई शैक्षिक गतिविधि जारी राख्ने उद्देश्यले राहत कोटाको उपयोग गर्ने प्रक्रियामा संलग्न विद्यालय व्यवस्थापन र प्रधानाध्यापकलाई नै भ्रष्टाचारको मतियारको रुपमा सजाय गर्नु उचित मान्न नसकिने। | साथीहरुले मिलाउनको लागि गरेको हुन सक्छ भनी बयान गरेको। हालका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गजेन्द्र बोहराले अनुसन्धानको क्रममा आफु विद्यालय व्यवस्थापन समिति अध्यक्ष हुँदा उमा कुमारी थापाको हाजिरी थिएन, उमा कुमारी थापाको ठाउँमा रमेश बहादुर बोहराले हाजिर गरी रहेका थिए, दोहोरो हाजिरीको बारेमा आफुलाई थाहा नभएको, जस्ले किर्ते हाजिर गर्‍यो उही व्यक्तिले जिम्मेवारी लिनुपर्ने भनी बयान गरेको। उक्त विद्यालयका तत्कालिन प्रधानाध्यापक धनबहादुर बोहराले अनुसन्धानको क्रममा २०६४ सालतिर महिलाको राहत कोटा प्राप्त भए पछि, गाउँमा पढेलेखेको महिला नभएको हुँदा विद्यालय सञ्चालन गर्न निज उमा कुमारी थापाको शैक्षिक प्रमाण पत्रहरु संलग्न राखी निजलाई नियुक्ती गरी निजको नामबाट रमेश बहादुर बोहराले अध्यापन गरेको र तलबभत्ता समेत खाएको भनी बयान गरेको देखिएको,<br><br>**ग.**हिमालयन नि.मा.वि. रिलु बझाङ्गमा महिला राहत कोटाको दरबन्दीमा शिक्षक उमाकुमारी थापाको नियुक्ति पत्र बनि निजको नाममा प्रतिवादी रमेश बहादुर बोहराले सही गरी भुक्तानी लिएको भन्ने तथ्यमा विवाद नरहेको। उक्त तथ्यमा प्रतिवादीहरु सबैको सहमतिनै देखिएको । महिला कोटाको राहत दरबन्दीमा नियुक्त भएको भनिएकी उमा कुमारी थापाले अनुसन्धानको क्रममा वयान गर्दा उक्त विद्यालयमा महिला दरबन्दीको लागि कोही पनि उम्मेदवार नभएकोले मेरो बुवासँग प्र.अ. ले प्रमाणपत्र मागेकोले दिएको हो, नियुक्ति गर्ने, नगर्ने सम्बन्धमा पछि जानकारी गराउने भनेकोमा हालसम्म जानकारी गराएको छैन भनि उल्लेख गरेको देखिएको। नियुक्ति पाउने व्यक्तिले नै आफ्नो प्रमाणपत्र दुरुपयोग गरेको भनेको अवस्थामा (अनुसन्धानको बयानको स.ज ११) निजको नियुक्तिसँग सम्बन्धित सबै विषयहरु झुठा भएको देखिएको। अर्काको नाम, थर र प्रमाणपत्र प्रयोग गरी नियुक्ति-पत्र तयार गर्ने र सो नियुक्ति आफ्नै हो भनी सहीछाप गरी तलब भत्ता भुक्तानी लिने कार्य स्वभावतः भ्रष्टाचार निवारण ऐन २०५९ को दफा १६(१) को परिभाषा भित्र पर्नेमा प्रतिवादी रमेश बहादुर बोहराले झुट्टा विवरण पेश गरी नियुक्ति पत्र तथा तलब भत्ता भुक्तानी लिएको नदेखिएको भनि निज प्रतिवादी रमेश बहादुर बोहरालाई आरोप दावीबाट सफाई दिने गरी भएको सर्वोच्च अदालत, संयुक्त इजलासबाट भएको फैसला त्रुटिपुर्ण रहेको।<br><br>**घ.**अर्काको प्रमाणपत्र पेश गरी सोही प्रमाणपत्रको आधारमा नियुक्ति पत्र बनेको, अर्कै व्यक्तिले तलब भत्ता लिएको समेतका तथ्यलाई झुट्टा विवरण पेश गरेको मान्नुनै पर्ने हुन्छ। उक्त झुट्टा विवरणको नियुक्ति पत्र तयार गर्ने, नियुक्ति पत्र बमोजिमको व्यक्ति अध्यापनमा नखाटिने, झुट्टा व्यक्तिले अध्यापन गराएको एवं झुट्टा हाजिरि तयार गर्ने तथा नियुक्त व्यक्तिलाई तलब भत्ता भुक्तानी नगरी अर्कै व्यक्ति प्रतिवादी रमेश बहादुर बोहरालाई भुक्तानी दिने कार्य उक्त विद्यालयका प्र.अ. तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्षको सहभागिता र सहमती विना हुन सक्ने नदेखिएको। सरकारी लाभ लिन झुट्टा विवरण पेश गर्ने गराउने कार्यमा प्रतिवादी रमेश बहादुर बोहरालाई प्र.अ. तथा विद्यालय व्यवयस्थापन समितिका अध्यक्षले सहजिकरण गरेको अवस्थामा निजहरुलाई कसुरका मतियार मान्नुनै पर्ने हुन्छ। यसरी प्रतिवादीहरु प्रेम बहादुर बोहरा, धन बहादुर बोहरा, धन बहादुर बोहरा र गजेन्द्र बहादुर बोहरा उपरको दावी समेत पुष्टी भै रहेको अवस्थामा निज प्रतिवादीहरुलाई आरोप दावीबाट सफाई दिने गरी भएको फैसला भ्रष्टाचार निवारण ऐनको सिद्धान्त प्रतिकुल भएकोले सर्वोच्च अदालत, संयुक्त इजलासबाट भएको फैसला त्रुटिपुर्ण हुँदा बदरभागी रहेको।<br><br>**ङ.**प्रतिवादीहरुले असल मनसायले काम कारवाही गरेको देखिएको भनि फैसलामा उल्लेख भएको। गलत र कानून विपरितको कार्य गर्न कसैलाई छुट हुन सक्दैन। अपराध असल मनसायले गरेको भन्न पनि मिल्दैन। प्रतिवादीहरुले अपराध गर्ने पूर्व मनसाय (malice afore thought) राखि अमुक व्यक्तीको शैक्षिक प्रमाणपत्र प्रयोग गरी नियूक्ति पत्र बनाई तलव भत्ता लिने दिने कार्य गरेको प्रष्ट देखिएको अवस्थामा प्रतिवादीहरुको गलत कार्यलाई छुट दिदै जाने हो भने गलत काम कारवाहीले प्रश्रय पाउने, दण्डहिनता वढ्ने तथा गलत काम कारवाहीमा सरकारी श्रोत प्रयोग हुने अवस्था आउने। सोही सन्दर्भमा इन्द्रबहादुर गुरुङ वि. राजस्व |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | न्यायाधिकरण, काठमाण्डौं (नेकाप २०५०(क), जेष्ठ, नि.नं.४६९७) भएको बन्दी प्रत्यक्षीकरण मुद्दामा न्यायालयले विधि बनाउने होइन, संशोधन गर्ने होइन, र खारेज गर्ने पनि होइन। विधिलाई निष्कृय गर्ने काम पनि अदालतको होइन, अदालतको काम विधिलाई प्रयोग गर्ने मात्र हो भनि सिद्धान्त प्रतिपादन भै रहेको अवस्थामा कानूनको गलत व्याख्या गरी कानून बिपरितको कार्य गरेका प्रतिवादीहरुले असल मनसायले काम कारवाही गरेको देखिएको भनि गरेको फैसला सम्मानित सर्वोच्च अदालतबाट स्थापित नजिर प्रतिकूल भएकोले सर्वोच्च अदालत, संयुक्त इजलासबाट भएको फैसला त्रुटिपुर्ण हुँदा बदरभागी रहेको।<br><br>**च.**राहत शिक्षक पदमा एक जनाको प्रमाणपत्र पेश गरी निजलाई नियुक्ति गर्नु र अर्कोलाई हस्ताक्षर गराई काममा लगाउने विद्यालय व्यवस्थापन समितिका पदाधिकारी र प्रधानाध्यापकको कार्य पद्धति र प्रकृयाको हिसाबले हेर्दा स्वभाविक नभएको भनी अदालत स्वयंले फैसलाको प्रकरण नं. ४३ मा स्वीकार गरी सकेको तथा दुर्गम क्षेत्रमा योग्य महिला शिक्षिकाहरुको अभावको सन्दर्भमा शिक्षकको दरबन्दी कायम राखी पठन पाठनलाई नियमित गर्न गरेको कार्यलाई असल मनसाय थिएन भनी मान्न मिलेन भनी तथ्य र कानूनको गलत अर्थ र व्याक्या गरी भ्रष्टाचार निवारण ऐनको सिद्धान्त प्रतिकुल फैसला भएको। भ्रष्टाचारजन्य कार्य हुनका लागि आर्थिक लाभ वा हानि मात्र पर्याप्त आधार होइन। अवाञ्छित किसिमको दोषपूर्ण गतिविधि पनि भ्रष्टाचारजन्य कसुरको अर्को महत्त्वपूर्ण आधार हो। प्रतिवादीको गैरकानूनी र अवाञ्छित किसिमको दोषपूर्ण गतिविधिबाट कसैको हानि हुने र कसैले लाभ पाउने अवस्था हुन्छ भने सो कार्य पनि भ्रष्टाचारजन्य कसुरको दायराभित्र पर्ने नै हुन्छ। साथै प्रतिवादीले त्यस किसिमको गैरकानूनी र अवाञ्छित किसिमको गतिविधि केवल आर्थिक लाभ हानि पुर्‍याउने मनसायका साथ गरेको थिएन भन्ने आधारमा मात्र उक्त दोषपूर्ण कार्यबाट निजले उन्मुक्ति पाउने अवस्था नरहने भनी सर्वोच्च अदालतबाट (मथुरा ढकाल समेत बिरुद्ध नेपाल सरकार नि.नं. १०१४२) सिद्धान्त प्रतिपादित भएको अवस्थामा प्रतिवादीहरुलाई सफाई दिने गरी सर्वोच्च अदालत, संयुक्त इजलासबाट भएको फैसला त्रुटिपुर्ण हुँदा बदरभागी रहेको।<br><br>**छ.**कानूनको अज्ञानता क्षम्य हुँदैन भन्ने कानून तथा न्यायको मान्य आधारभूत सिद्धान्त हो (मुलुकी अपराध संहिता २०७४ दफा ८, मुलुकी देवानी संहिता, २०७४ दफा ५)। यद्यपि दिनानुदिन नयाँ नयाँ बन्ने कानून, लगातार प्रतिपादित हुने नयाँ नयाँ नजिर, कानूनी सिद्धान्त लगायतबाट दिनानुदिन कानूनले आफ्नो आकार, क्षेत्र व्यापक पार्दै पहुँच बढाई जटिल भै रहेको स्थितिमा कानूनको सहि र यथार्थ ज्ञान कानूनका विशेषज्ञ वा विज्ञ व्यक्तिहरु समेतलाइ हुन सकेको हुँदैन तथापि यस सिद्धान्तले तय गरेको आधारलाइ अवलम्वन नगरिएमा कानूनको शासनको आधार र मान्यताहरुनै समाप्त हुन जाने र कानूनी अराजकता हुन सक्ने भएकोले ‘कानूनको अज्ञानता क्षम्य हुँदैन’ भन्ने सिद्धान्तलाई सामान्य व्यक्तिलाई समेत कानूनको ज्ञाता सरह मानेर कडाईका साथ लागु गरिन जरुरी हुन्छ यो न्यायिक वाध्यता नै हो भनी (ने.का.प २०६३ भाग ४८ अंक ११ निर्णय नं.७७९१ प्रमोद कुमार जलान बिरुद्ध शम्भुनाथ गुप्ता प्रकरण २०) सर्वोच्च अदालतले व्याख्या गरेको अवस्थामा कानून विपरितको कार्य गर्ने मुख्य कसूरदार प्रतिवादी रमेश बहादुर बोहरा तथा मुख्य कसूरदारलाई सहयोग गर्न मतियारको भुमी निर्वाहा गर्ने अन्य प्रतिवादीहरु प्रेम बहादुर बोहरा, धन बहादुर बोहरा, धन बहादुर बोहरा र गजेन्द्र बोहरालाई सफाई दिने गरी भएको फैसला सम्मानित सर्वोच्च अदालतबाट स्थापित उल्लिखित नजिर लगायतका अन्य नजिर एवं भ्रष्टाचार निवारण ऐन, २०५९ र भ्रष्टाचार विरुद्धको राष्ट्रसंघीय महासन्धि समेतका कानूनी सिद्धान्तको प्रतिकूल देखिएकोले सर्वोच्च अदालत, संयुक्त इजलासबाट भएको फैसला त्रुटिपुर्ण हुँदा बदरभागी रहेको। |